२. **<u>नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५० को नियम ७ मा संशोधन</u>** : नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५० (यसपछि "मूल नियमहरु" भनिएको) को नियम ७ मा रहेका "नियमावलीको नियम ८१ को उपनियम (३) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "ऐनको दफा २४घ. को उपदफा (३) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन् ।

३. **<u>मूल नियमहरुको अनुसूचीमा संशोधन</u>** : मूल नियमहरुको अनुसूची-२ को ठाउँ ठाउँमा रहेका "नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव" भन्ने शब्दहरुको सट्टा "ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव" भन्ने शब्दहरु राखिएका छन् ।

सूचना ५८

## जीवनाशक विषादी (दोस्रो संशोधन) नियमावली, २०७०

जीवनाशक विषादी नियमावली, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

जीवनाशक विषादी ऐन, २०४८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएकोछ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम "जीवनाशक विषादी (दोस्रो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>जीवनाशक विषादी नियमावली, २०५० मा संशोधन</u>** : जीवनाशक विषादी नियमावली, २०५० मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

सूचना ५९

## वन (चौथो संशोधन) नियमावली, २०७०

वन नियमावली, २०५१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।